स.वि.द.नं.: ३१०/०४९/०५०

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

च.नं.: ४००/२०७६/०७७

श्री सम्पूर्ण सहकारी संघ/संस्थाहरु

मिति : २०७६/१०/२६

**बिषय: तालिम कार्यक्रमहरुमा सहभागिता सम्बन्धमा ।**

नेपालको सहकारी अभियानको गुणात्मक विकास र बिस्तारका लागि सहकारी अभियानको शीर्षस्थ निकाय यस राष्ट्रिय सहकारी महासंघ लि. नेपालले सहकारी संघ/संस्थाहरूको नीतिगत, संस्थागत तथा व्यवस्थापकिय क्षमता अभिबृद्धि गर्न बिभिन्न प्रकृतिका तालिम कार्यक्रमहरु संचालन गर्दै आईरहेको व्यहोरा सर्वविदितै छ ।

यसै सन्दर्भमा सहकारी सघं/संस्थाहरु सहकारी दर्शन, मूल्य, सिद्घान्त तथा राज्यले निर्धारण गरेको दायित्व राज्यलाई समयमै भुक्तान गर्नुपर्ने व्यहोरा अवगत नै छ । उक्त तथ्यलाई मनन गर्दै सहकारी संघ/संस्थाहरूको व्यवसाय संचालनका क्रममा प्रत्यक्ष एवं परोक्ष रुपमा प्रभाव पार्ने कर सम्वन्धी प्रावधानका बिषयमा जानकारी गराई कर व्यवस्थापनमा सहयोग पुऱ्याउने र बित्तिय सहकारी सघं/संस्थाहरुको ऋण लगानी र असुलीलाई उपयोगी एंव प्रभावकारी रुपमा संचालन गर्न सहयोग पुर्याउने उद्देश्यका साथ तालिमहरुको आयोजना गर्न गइरहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

यसर्थ सहकारी सघं/संस्थाका संचालक, लेखा समिति, प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापक, एवं प्रशासनमा काम गर्ने कर्मचारीहरुलाई लक्षित गरी निम्न मिति, समय र स्थानमा अनुभवी बिषयबिज्ञद्वारा सहजीकरण हुने गरी तपशिलमा उल्लेखित तालिमहरु संचालन हुन गइरहेकोले त्यस सघं/संस्थाबाट सहभागीताको लागि हार्दिक अनुरोध गर्दछु ।

| क.स | तालिमको शीर्षक | संचालन मिति | समय | शुल्क (प्रति सहभागी) |
|---|---|---|---|---|
| १ | कर्जा जोखिम न्यूनिकरण | २०७६ फागुन १२ र १३ | १०:०० - ४:०० | रु ३०००।– |
| २ | सहकारीमा कर व्यवस्था | २०७६ फागुन २८ | १०:०० - ४:०० | रु १५००।– |

पूनश्च:

- उक्त तालिमहरु यस महासंघको तालिमहल पुल्चोक ललितपुरमा संचालन गरिने छ ।
- सहभागीहरुलाई स्टेशनरी र खाजा उपलब्ध गराइने छ ।
- रजिष्ट्रेशन शुल्क वापतको रकम महासंघको कार्यालयमा नगदै जम्मा गर्न वा यस महासंघको नाममा रहेको राष्ट्रिय सहकारी बैकको खाता नं. १३००००१४ बानेश्वर शाखामा र राष्ट्रिय वाणिज्य बैकको पुल्चोक शाखाको खाता नं. ११४००००००२६०६ जम्मा गरी बैंक भौचर इमेल trainingncf@gmail.com मार्फत पठाउन सकिने व्यहोरा समेत अनुरोध छ ।

बिस्तृत जानकारीका लागि
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल, पूल्चोक, ललितपुर
फोन नं.: ०१-५०१०११६, ५०१००३३, ९८४१३९६३२०
सहभागिताको अपेक्षा सहित सहकारी अभिवादन !

(चित्रा कुमारी थाम्सुहाङ्ग सुब्बा)
महाप्रबन्धक

Pulchok, Lalitpur, Nepal